केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/११/०७६/७७ मिति: २०७६/०९/२९

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को विभिन्न निर्देशनहरुमा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**१.निर्देशन नं. २/०७६ को बुँदा नं ४० को उप बुँदा (ख) लाई देहाय बमोजिम संशोधन गरिएको छ :**

(ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानी **मध्ये कर तिर्नु पर्ने आयको हकमा** कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ।

**२.निर्देशन नं. ५/०७६ को बुँदा नं.६ को उपबुँदा नं. (६) लाई देहाय बमोजिम संशोधन गरिएको छ :**

(६) संस्थाको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले स्रोत परिचालन (स्वदेशी मुद्रामा भएको निक्षेप तथा प्राथमिक पुँजी) मा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात (Credit to Core Capital and Domestic Deposits – CCD) ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ। तर,

(क) कुनै बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा उपयोग गरेको भएमा सो रकम यस प्रयोजनको लागि कर्जा सापटबाट घटाउन सकिनेछ।

**(ख) बैंक तथा वित्तीय संस्थाले स्वदेशी मुद्रामा ५ वर्ष वा सो भन्दा बढी अवधिको ऋणपत्र जारी गरेको रकमबाट तथा विदेशी बैंक, वित्तीय संस्था वा अन्य संस्थासँग विदेशी मुद्रामा ३ वर्ष वा सो भन्दा बढी अवधिको दीर्घकालीन ऋण लिएको भएमा त्यस्तो रकमबाट शत प्रतिशत कर्जा प्रवाह गर्न सकिने छ।**

(ग) तोकिएको कर्जा कार्यक्रम सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले नेपाल सरकार वा अन्तर्राष्ट्रिय निकायबाट ३ वर्ष वा सो भन्दा बढी अवधिको लागि स्वदेशी मुद्रामा प्राप्त ऋणबाट प्रवाह भएको कर्जा बराबरको रकम यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिनेछ।

(घ) कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) गणना गर्दा अन्तरबैंक निक्षेपलाई स्रोत परिचालनमा समावेश गर्न पाइने छैन।

स्पष्टिकरण: यस प्रयोजनका लागि "अन्तरबैंक निक्षेप" भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थालाई दिएको कर्जा/सापटी रकम सोही संस्थामा निक्षेपको रुपमा राखिएको रकमलाई जनाउँनेछ।

(ङ) सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बमोजिम प्रवाहित कर्जालाई यस प्रयोजनको लागि कर्जा तथा सापटबाट घटाउन सकिनेछ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।